आज मिति २०८१।०७।२९ गतेका दिन रुरुक्षेत्र गाउँपालिकाका अध्यक्ष श्री यदु ज्ञवालीज्यूको अध्यक्षतामा देहायका कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठकमा निम्न प्रस्तावमा छलफल गरी तपसिल बमोजिमका निर्णयहरु गरियो ।

समय : बिहान ११:०० बजे

स्थान : कार्यपालिका बैठक कक्ष

उपस्थिति

| सि.नं. | पद | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १. | अध्यक्ष | श्री यदु ज्ञवाली | |
| २. | उपाध्यक्ष | श्री मिनादेवी गौतम | मिना |
| ३. | सदस्य | श्री नवराज वि.के. | |
| ४. | सदस्य | श्री घनश्याम अर्याल | |
| ५. | सदस्य | श्री शेषनारायण पौडेल | |
| ६. | सदस्य | श्री मोतीप्रसाद श्रेष्ठ | |
| ७. | सदस्य | श्री हरीप्रसाद ज्ञवाली | |
| ८. | सदस्य | श्री रोमनाथ पौड्याल | |
| ९. | सदस्य | श्री लक्ष्मी भट्टराई | |
| १०. | सदस्य | श्री हरीकला बराल क्षेत्री | |
| ११. | सदस्य | श्री राजकुमारी शाही | |
| १२. | सदस्य | श्री बुद्धीमती लामिछाने | |
| १३. | सदस्य | श्री दुर्गा विश्वकर्मा | |
| १४. | सदस्य | श्री मिना कुमारी नेपाली | |
| १५. | सचिव | श्री लक्ष्मण पाण्डे | |

बैठक संचालन सहयोगी

| | |
|---|---|
| ना.सु. श्री रामप्रसाद ज्ञवाली | |
| राजस्व शाखा प्र. श्री हरि प्रसाद पौडेल | |
| का.स. श्री पार्वती पाण्डे | पार्वती |
| | |

**मिति २०८१ कार्तिक २९ गतेको पाँचौ कार्यपालिका बैठकका प्रस्तावहरु:**

१. यसभन्दा अगाडिका बैठकका निर्णयहरुको कार्यान्वयनको समीक्षा सम्बन्धमा ।
२. आन्तरिक आय तर्फको ढुङ्गा, गिट्टी, बालुवाको उत्खनन् तथा निकासी सम्बन्धमा ।
३. कर्मचारी पदपूर्ति सम्बन्धमा ।
४. चौमासिक समिक्षा सम्बन्धमा ।
५. सार्बजनिक सुनुवाई सम्बन्धमा ।
६. एकीकृत घुम्ति शिविर संचालन सम्बन्धमा ।
७. गाउँपालिकाको डोजरको रकम भुक्तानी सम्बन्धमा ।
८. विभिन्न कार्यविधिहरु सम्बन्धमा ।
९. प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन सम्बन्धमा ।
१०. रुरु कृषि परियोजना संचालनको लागि पेश्की रकम सम्बन्धमा ।
११. कृषकहरुको लागि स्थायी टनेल निर्माण सम्बन्धमा ।
१२. आर्थिक सहायता सम्बन्धमा ।
१३. अख्तियार दुरुपयोग अनुसन्धान आयोगको उजुरीहरु सम्बन्धमा ।
१४. औषधी उपचार बापत खर्च उपलब्ध गराउने सम्बन्धमा ।
१५. बालबालिकाको अपाङ्गताको प्रारम्भिक पहिचानका लागि कार्यक्रम संचालन सम्वन्धमा ।
१६. विषय परिवर्तन सम्वन्धमा ।
१७. पारिश्रमिक भुक्तानी सम्वन्धमा ।
१८. विद्युत मिटर जडान सम्वन्धमा ।
१९. रकम विनियोजन सम्वन्धमा ।
२०. सहकारी संस्था एकीकरण कार्यविधि, २०८१ सम्बन्धमा ।
२१. थ्रेसर मेसिन उपलब्ध गराउने सम्बन्धमा ।
२२. पहिलो त्रैमासिक प्रगति समिक्षा सम्बन्धमा ।

## मिति २०८१/०७/२९ गतेको पाँचौ गाउँकार्यपालिका बैठकका निर्णयहरु

| निर्णय नं. | निर्णयहरु |
|---|---|
| १. | यस भन्दा अगाडीका कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको अवस्थाबारे छलफल तथा समीक्षा गरियो । निर्णयहरु कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाइयो । |
| २. | यस गाउँपालिकाबाट E-bid मार्फत दोश्रो पटक सूचना प्रकाशन गर्दा समेत रिडी बगर क्षेत्र, वडा नं. १ र पोखरेबगर क्षेत्र, वडा नं. २ को बोलपत्र पेश हुन नआएको, निर्माण सामाग्रीहरुको चरम अभाव भएकोले तत्कालको लागि रिडी बगर क्षेत्र, वडा नं. १ को कर संकलनको लागि यस कार्यालयबाट नगर प्रहरीहरु मध्ये आलोपालो मिलाई १ जनालाई खटाउने, प्रदेश सरकारले निर्धारण गरे अनुसार कानुन बमोजिम गाउँपालिकाको नगदी रसीद काटी कर संकलन गर्ने र कर संकलनको समयमा रिडीमा काम गरी बस्नुपर्ने भएकोले निजलाई खाना र बास खर्च बापत प्रतिदिन रु. १,०००/- (अक्षरुपी एक हजार) गाउँपालिकाबाट भुक्तानी दिने । |
| ३. | गाउँ कार्यपालिका र मातहतका कार्यालयमा विभिन्न पदहरु रिक्त /रिक्त हुने क्रममा रहेको हुँदा सेवा प्रवाहमा समस्या देखिएको हुँदा प्रभावकारी सेवा प्रवाहको लागि अति आवश्यक देहायका पदहरुमा करार सेवामा कर्मचारी पदपूर्ति गर्ने ।<br>देहाय:<br>अ.न.मी.-२ जना<br>हे.अ.-१ जना<br>साथै स्वास्थ्य सेवा विभाग (कर्मचारी प्रशासन शाखा) को च.नं. ८२८ मिति २०७९/०७/२४ को पत्रबाट मेडिकल अधिकृत (करार) पद, आठौ तह NMC NO. 31818 का डा. बाल कृष्ण चौधरी रुरु प्राथमिक स्वास्थ्य केन्द्र, रुरुक्षेत्र-१, गुल्मीमा छात्रबृत्ति प्राप्त चिकित्सक तथा स्वास्थ्यकर्मी परिचालन निर्देशिका, २०७१ को दफा ७(१) बमोजिम नियुक्ति गरी खटाएकोमा निजले मिति २०७९/०७/२८ देखी २०८१/०७/२७ सम्म निरन्तर २ बर्ष कुशलतापूर्वक सेवा गरेकोमा मेडिकल अधिकृतको अभावमा सेवा प्रवाहमा समस्या आउने भएकोले निजको म्याद समाप्त भएको मिति २०८१/०७/२८ गते देखी लागु हुने गरी मिति २०८२ असार मसान्तसम्मको लागि करार म्याद थप गरी सेवा प्रवाहमा खटाउने । |
| ४. | चालु आ.व. २०८१/०८२ को पहिलो चौमासिक प्रगति समिक्षा मिति २०८१ मंसिर १५ गते भित्र सम्पन्न गर्ने । |
| ५. | सेवा प्रवाहको विषयमा सार्बजनिक सुनुवाई मिति २०८१ मंसिर १४ गते शुक्रबार २ नं. वडा कार्यालय, ग्वादीमा गर्ने । |
| ६. | गाउँपालिकाबाट प्रवाह हुने सेवालाई जनताको घरदैलोमा पुर्‍याउने उद्देश्य अनुसार योजना संझौता, माटो परीक्षण लगायत कृषि विकास सम्बन्धी अन्य सेवा, पशु विकास सम्बन्धी सेवा, स्वास्थ्य सेवा, आयुर्बेद सेवा, जेष्ठ नागरिक परिचयपत्र वितरण, अपाङ्गता भएका व्यक्तिहरुलाई परिचयपत्र वितरण लगायतका सेवाहरु वडा कार्यालयहरुमा प्रदान गर्नको लागि एकिकृत घुम्ती शिविर संचालन मिति २०८१ मंसिर १६ गते देखी २१ गते सम्म गर्ने । |
| ७. | यस कार्यालयबाट क्याटलग सपिङ्ग विधिबाट भ्याकु लोडर एम.ए. डब्लु अर्थ मुभर्स प्रा.लि. बाट खरिद गरिएको, उक्त सवारी साधन यस कार्यालयको नाममा नामसारी समेत भएको हुँदा उक्त हेभी सवारी साधन (डोजर) खरिदको रकम रु. ५४ लाख ५९ हजार भुक्तानी गर्ने । |
| ८. | सेवा प्रवाहको लागि आवश्यक देहायका कार्यविधिहरुलाई जारी गर्ने ।<br>(क) गाउँपालिकाको हेभी इक्युप्मेन्ट संचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि २०८१ |

| | |
|---|---|
| | (ख) गाउँपालिकाको स्थानीय रोजगार कार्यक्रम संचालन सम्बन्धी कार्यविधि २०८१ साथै लिफ्ट खानेपानी आयोजनामा विद्युत महसुल अनुदान सम्बन्धी मापदण्ड, २०८१ लाई थप अध्ययन गरी आगामी बैठकमा छलफल गर्ने । |
| ९. | प्रधानमन्त्री रोजगार कार्यक्रम संचालनको लागि वडा कार्यालयहरुबाट योजना तथा कार्यक्रम छनौट गरी आगामी बैठकमा पेश गर्ने । |
| १०. | रुरुक्षेत्र गाउँपालिकामा कृषकहरुको जीवनस्तर उकास्न तथा महिला सशक्तिकरण मार्फत समुदाय परिचालन गर्ने उद्देश्यले हेफर प्रोजेक्ट नेपाल र रुरुक्षेत्र गाउँपालिकाको साझेदारीमा हेफर प्रोजेक्ट नेपालबाट प्राविधिक सहयोग तथा परामर्श उपलब्ध हुने गरी रुरु कृषि परियोजना संचालन गत आ.व. देखी भएकोमा हेफर प्रोजेक्ट नेपालको मिति २०८१ असोज ११ को पत्रबाट कार्ययोजना सहित पेश्की रकम माग भई आएकोले कार्ययोजना अनुसारका क्रियाकलापमा खर्च गरी नियमानुसार पेश्की पछ्यौट गर्ने गरी हाललाई रु. २५ लाख रकम पेश्की उपलब्ध गराउने । |
| ११. | रुरु कृषि परियोजना मार्फत ५० प्रतिशत अनुदानमा कृषकहरुको लागि स्थायी टनेल निर्माण गर्ने कार्यक्रम रहेकोमा उक्त बजेटबाट टेण्डर आव्हान गरी कार्य गर्ने, टेण्डर आव्हान गर्दा घटि भएको रकम कृषकहरुले व्यहोर्ने लागतमा घटाई बाँकी रहेको रकम मात्र कृषकहरुबाट लिने, सोको लागि परियोजनाको बजेट ५० प्रतिशत खर्च गर्ने गरी कार्यक्रम कार्यान्वनयको लागि प्रक्रिया अगाडी बढाउने । |
| १२. | गाउँपालिका भित्रका नागरिक वा अन्य नागरिकहरुले आर्थिक अवस्था कमजोर भएकोले उपचार वा अध्ययनको लागि आर्थिक सहायता माग गरी निबेदन पेश भएकोमा देहायका व्यक्तिहरुलाई आर्थिक सहायता उपलब्ध गराउने ।<br>**आर्थिक सहायता शिर्षकबाट रकम उपलब्ध गराउने ।**<br>(क) रामप्रसाद कंडेल, छत्रकोट-५ (मृगौला प्रत्यारोपण लगायत उपचारको लागि): रु. ५० हजार<br>(ख) कलाकार रामचन्द्र चन्द (उपचारको लागि): रु. ५० हजार<br>(ग) टिका ज्ञवाली, रुरुक्षेत्र-३ (MBBS अध्ययनको लागि): रु. १ लाख<br>(घ) शालिकराम भण्डारी, तिलोत्तमा-९ (उपचारको लागि) रु. २० हजार<br>**विपद् व्यवस्थापन कोषबाट रकम उपलब्ध गराउने ।**<br>(क) गिता वि.क. रुरुक्षेत्र-४ (अबिरल बर्षाको कारण घर जोखिममा रहेको): रु. २० हजार |
| १३. | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बुटबलको प.सं. ३.१/C-०१९५८७/०८१/०८२ च.नं. १७२३९ मिति २०८१/०६/१६ गतेको निर्णय कार्यान्वयन गर्ने सम्बन्धी पत्र र सो सँग सम्बन्धित उजुरीहरुको बारेमा बैठकमा छलफल गरियो । वडा नं. १ को श्री रिडी माध्यमिक विद्यालयका प्र.अ. रोहितप्रसाद भण्डारीले विगत ५ बर्ष देखि विद्यार्थि संख्या फजुल राखी छात्रबृत्ती, पाठ्यपुस्तक र खाजा रकम अनियमितता सम्बन्धमा शिक्षा, युवा तथा खेलकुद शाखा मार्फत छानविन गर्दा र सम्बन्धित विद्यालयका प्र.अ. लगायत शिक्षक कर्मचारीहरुसँग सोधपुछ गर्दा EMIS मा विवरण प्रविष्ट गर्ने क्रममा प्राविधिक त्रुटीका कारण रकम बढी निकासा माग भएको, खर्च नभएको रकम सम्बन्धित शिर्षकमा विद्यालयले फिर्ता गर्नुपर्नेमा नगरेको हुँदा छानविनको क्रममा बढी निकासा भई विद्यालयको खातामा बचत भएको रकम रु. ९ लाख ४३ हजार ६ सय १८ रुपैया विद्यालयले वेरुजु दाखिला गरेको हुँदा आगामी दिनमा आर्थिक अनुशासन कायम राख्ने गरी प्र.अ. रोहितप्रसाद भण्डारीलाई सचेत गराउने । |

CamScanner

१४. मृगौला प्रत्यारोपण, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीलाई औषधिउपचार बापतखर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७८ बमोजिम गाउँपालिकास्तरीय आर्थिक रुपले विपन्न नागरिकहरुलाई औषधी उपचार सहुलियत उपलब्ध गराउने प्रयोजनको लागि सिफारिस गर्न गठित समितिको सिफारिसको आधारमा देहायका व्यक्तिलाई मासिक रुपमा रु. ५,०००/- (अक्षरुपी पाँचहजार) उपलब्ध गराउने ।

देहाय:

| क्र.सं. | नाम थर | ठेगाना | रोगको किसिम | ना.प्र.प.नं. | लागु हुने मिति |
|---|---|---|---|---|---|
| १. | राधिका कुमारी गौतम | रुरुक्षेत्र-४ | क्यान्सर | ६२९० | २०८१ कार्तिक १ |
| २. | सेती कुमारी सार्की | रुरुक्षेत्र-४ | क्यान्सर | ९५०६ | २०८१ कार्तिक १ |
| ३. | लाल बहादुर राना | रुरुक्षेत्र-२ | क्यान्सर | १२९०७ | २०८१ कार्तिक १ |

१५. रुरुक्षेत्र गाउँपालिका अन्तर्गत संचालित विद्यालयका बाल विकास देखी कक्षा ३ सम्मका विद्यार्थीहरुको अपाङ्गताको प्रारम्भिक पहिचान कार्यक्रम संचालनका लागि संघिय शसर्त अनुदान अन्तर्गत क्रियाकलाप नं. २.७.१३.३०२ मा विनियोजन भएको रकमबाट EMIS हेर्ने विद्यालयका शिक्षकहरुको क्षमता विकास तालिम संचालन गर्ने र अपाङ्गताको प्रारम्भिक पहिचान भएका बालबालिकाको अपाङ्गताको अन्तिम परीक्षण तथा प्रमाणिकरणका लागि चिकित्सक कहाँ प्रेषण गर्ने, यसको तथ्याङ्क EMIS मा प्रविष्ट गर्ने लगायतका कार्य शिक्षा शाखा र विद्यालयले संचालन गर्ने ।

१६. रिडी मा.वि. को च.नं. ५१ मिति २०८१/०७/२९ को पत्रबाट विद्यालयमा कार्यरत मा.वि. तह, तृतीय श्रेणी, सामाजिक विषय, स्थायी शिक्षक श्री उमानाथ ज्ञवालीको मिति २०८१/०७/१३ गते देखी लागु हुने गरी अनिवार्य अवकाश पश्चात रिक्त सामाजिक विषयलाई नेपाली विषयमा परिवर्तन गरिदिनुहुन भनी विद्यालय व्यवस्थापन समितिको निर्णय सहित लेखी यस कार्यालयमा पेश गरेकोले उक्त सामाजिक विषयलाई नेपाली विषयमा परिवर्तन गर्ने ।

१७. जनहीत संरक्षण मंचको तर्फबाट वरिष्ठ अधिवक्ता प्रकाशमणी शर्मा समेतले दायर गरेको मुद्दा नं. ०७७-WO-१२५६ को रिट निवेदनमा सम्मानित सर्वोच्च अदालतमा आइवि ल एशोसिएटस, काठमाडौंले पालिकाको तर्फबाट प्रतिनिधित्व गरी वारिस मार्फत लिखित जवाफ पेश भई नियमित रुपमा तारिखमा राखी अन्तरिम आदेश खारेजको लागि र अन्तिम पेशीमा समेत रिट निवेदन खारेजको लागि बहश पैरवी लगायत सम्पुर्ण कार्य गरेकोले उक्त कार्यको रकम रु. १ लाख ५ हजार ९ सय ९४ रुपैया निकासाको लागि लेखी आएकोमा उक्त फर्मलाई भैपरी आउने चालु खर्च शिर्षकबाट रकम भुक्तानी गर्ने ।

१८. यस गाउँपालिकाको वडा नं. ५ को बोटेगाउँमा, बोटे माझीहरुको बस्ती रहेको, उक्त समुदायका २६ घरधुरीहरुले विद्युत जडान समेत नगरेको हुँदा निजहरुको घरमा विद्युत मिटर जडानको लागि भैपरी आउने चालु खर्च शिर्षकबाट रकम विनियोजन गरी विद्युत मिटर जडान गरिदिने ।

१९. (क) रुरुक्षेत्र-१ को तालखोलामा ३ वटा कल्भर्टको संरक्षण गर्न कल्भर्टको साईडमा ग्याबीन जाली लगाई संरक्षण गर्ने । सोको लागि आवश्यक बजेट भैपरी आउने पुँजीगत शिर्षकबाट विनियोजन गर्ने ।

(ख) वडा कार्यालय बलेटक्सार जाने सडक स्तरोन्नतीको लागि लागत अनुमान अनुसारको रकम रु. ३ लाख ९० हजार भैपरी आउने पुँजीगत शिर्षकबाट विनियोजन गर्ने ।

CamScanner

| | |
|---|---|
| २०. | सहकारी संस्था एकीकरण कार्यविधि, २०८१ लाई बैठकमा छलफलको लागि पेश गरियो । थप परिमार्जन सहित आगामी बैठकमा जारी गर्ने । |
| २१. | रुरुक्षेत्र गाउँपालिकाको वडा नं. २ को याडुङ्ग र बोहाचौर, वडा नं. ६ को साहघाटका कृषकहरुले प्रयोग गर्ने गरी ८० प्रतिशत अनुदानमा १ थान थ्रेसर मेसिन उपलब्ध गराउने । सोको लागि आवश्यक बजेट भैपरी आउने पुँजीगत शिर्षकबाट विनियोजन गर्ने । |
| २२. | आ.व. २०८१/०८२ को प्रथम त्रैमासिक अवधिको प्रगति समिक्षा गरियो । निर्धारित समय अवधि भित्र निर्माण कार्य सम्पन्न गर्न सबै पक्षले सक्रिय योगदान गर्ने । |

CamScanner